निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

नेपालको निर्वाचन प्रणाली

रातो रङ्गको - सबै भन्दा सजिलो
प्याजी रङ्गको - ठिकै (सजिलै)
निलो रङ्गको - अलि गाह्रो

यो किताब निलो तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचन विवाद र विवाद निरुपण
- निर्वाचन र सामुदायीक संस्थाको भुमिका
- नेपालको निर्वाचन प्रणाली
- निर्वाचन र निर्वाचन चक्र
- लोकतन्त्रका लागि निर्वाचन
- निर्वाचन र समावेशीकरण

निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

नेपालको निर्वाचन प्रणाली

प्रकाशक

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०
फ्याक्सः (९७७ -१) - ४२२९२२७/४२२५५८०
इमेलः info@election.gov.np
वेबसाइट : www.election.gov.np

प्रथम संस्करण : वि.सं. २०७६
ISBN: ९७८९९३७-७३८-०६-४

विषय सूची

नेपालको निर्वाचन प्रणाली

हाम्रो समुदायमा आज निर्वाचन प्रणालीका विषयमा निर्वाचन शिक्षा कार्यक्रम हुँदैछ । प्रायः सहभागीहरू जम्मा भइसक्नु भएको छ । सिकाइ केन्द्रका अध्यक्ष सहजकर्ताको भूमिकामा रहनु भएको छ । निजामती सेवाका अवकास प्राप्त कर्मचारी रमेश निर्वाचनका बारे जानकार हुनुहुन्छ । अवकास जीवनपछि उहाँ अहिले हाम्रो सामुदायीक संस्थाको अध्यक्ष हुनु भएको छ ।

“नागरिकले मतदानको माध्यमबाट आफ्नो अधिकार प्रयोग गर्छन् । निर्वाचन भनेको मतलाई सिटमा रुपान्तरण गर्ने विधि र तरिका हो । निर्वाचनको प्रकृति अनुसार विधि र तरिका पनि फरक फरक हुन सक्छन् । त्यसलाई हामी निर्वाचन प्रणाली भन्ने गर्छौं ।

छनोट गरिएको निर्वाचन प्रणालीबाट मतदाताले खसाएको मतलाई संख्या परिणत गर्छ । हारजितमा रुपान्तरण गर्छ ।"**- सामान्य परिचय सकिएपछि कार्यक्रम शुरु गर्दै सहजकर्ताले भन्नुभयो ।**

"निर्वाचनको आवश्यकता अनुसार निर्वाचन प्रणाली निर्धारण हुन्छ । निर्वाचन प्रणालीका विधि तयार गर्न केही आधारहरू लिइएको हुन्छ ।"

त्यस्ता आधारहरू मध्ये एउटा आधार भनेको- 'देशको भौगोलिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्थिति हो । अर्को आधार- 'उपलब्ध प्राविधिक, प्रशासनिक तथा आर्थिक स्रोतहरू पर्छन् ।'

न्यूनतम सिट निर्धारण र न्यूनतम प्रतिशत मत चाहिनु पनि आधार हो । त्यस्तै निर्वाचनका प्रतिस्पर्धी राजनीतिक दल, दलका उम्मेद्वार वा स्वतन्त्र उम्मेद्वारहरू पनि आधार हुन् । मूलतः निर्वाचन क्षेत्रको आकार, मतपत्रको ढाँचा, र निर्वाचन सुत्र (मतपत्रहरू) सिटमा रुपान्तरण गर्ने तरिकालाई निर्वाचन प्रणाली तय गर्ने मुख्य तीन आधार मानिन्छ ।

यसैगरी, दर्ता भएका मतदाताका आधारमा प्रतिनिधिहरूको अनुपात, महिला तथा अल्पसङ्ख्यकको अनिवार्य प्रतिनिधित्व र लोकतन्त्रको अवस्था पनि निर्वाचन पद्धतिका आधार हुन् ।- कार्यक्रमको सहजीकरण गर्दै भूवन सरले भन्नुभयो ।"

परिचय कार्यक्रम

सहभागी विनिताले सोधिन् "सर ! निर्वाचन प्रणाली कस्ता कस्ता हुन्छन् त ?"

"निर्वाचन प्रणाली धेरै थरिका हुन्छन् । संसारका मुलुकहरूले बेग्लाबेग्लै निर्वाचन प्रणाली अपनाएको पाइन्छ । बढिमत/बहु मत निर्वाचन प्रणाली, समानुपातिक निर्वाचन प्रणाली, मिश्रित निर्वाचन प्रणाली र अन्य गरी जम्मा ४ प्रकारका निर्वाचन प्रणाली परिवार छन् । यी ४ परिवार भित्र विभिन्न १२ वटा निर्वाचन प्रणाली पर्दछन् । विश्वमा बढिमत/बहु मत, समानुपातिक र मिश्रित निर्वाचन प्रणाली बढी प्रचलनमा छन् । "मतदाताले दिएको मत प्रत्यक्ष उम्मेद्वारले पाउने निर्वाचन प्रणाली बढिमत/बहु मत निर्वाचन हो । यसमा मतदाताले आफ्नो उम्मेद्वारको नाम वा चुनाव चिन्हमा मतदान गर्नेछन् । त्यस्तै समानुपातिक निर्वाचनमा भने मतदाताले राजनीतिक दललाई मत दिन्छन । दलले पाएको

कुल मत जोडी सो दलले कति सिट पाउँछ सुत्र प्रयोग गरी सो निर्धारण गरिन्छ ।" - सहजकर्ताले भन्नुभयो ।

यो पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा मतदाता र उम्मेद्वार संग-संगै रहन्छन् ।" उहाँले थप्नुभयो- "उम्मेद्वारले मतदाताको मन जितेर मात्र मत लिन सक्छन् । जितेको प्रतिनिधि मतदातासँग प्रत्यक्ष उत्तरदायी र जवाफदेही रहन्छ । मतदाता आफ्नो प्रतिनिधि छनोट गर्न स्वतन्त्र हुन्छन् । यस पद्धतिले मतदाताको चेतना र विश्लेषण गर्ने राजनीतिक क्षमता बढाउन सहयोग पुर्याउँछ ।"

नेपालमा राष्ट्रिय सभाका सदस्यका लागि हुने निर्वाचनमा हरेक गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरका प्रमुख र उपप्रमुख साथै प्रदेश सभासद्हरू भएको एक निर्वाचक मण्डलले राष्ट्रिय सभाका सदस्यहरू निर्वाचित गर्छन् ।

त्यसैगरी राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन पनि संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ । दिइएको चार्टमा विश्वमा प्रचलित चार किसिमका निर्वाचन प्रणालीका परिवारहरू प्रस्तुत गरिएको छ । जस अनुसार बढीमत/बहुमत, समानुपातिक, मिश्रित र अन्य छन् ।" उहाँले चार्ट देखाउँदै त्यसबारे बताउनु भयो ।

बढीमत र बहुमत निर्वाचन प्रणाली सामान्यतः उस्तै देखिन्छ तर त्यस्तो होइन । **यसमा कसैले केही बताउन सक्नुहुन्छ ?**



"बढीमत भनेको निर्वाचनमा अरु उम्मेद्वार भन्दा एक वा एक भन्दा बढी मत ल्याएमा विजयी हुने प्रणाली हो ।

बहुमत प्रणालीमा भने, कुल खसेको सदर मतको आधा भन्दा बढी मत (पचास प्रतिशत भन्दा माथि) ल्याउने वा बहुमत पाउने उम्मेद्वार विजयी हुनु होइन त सर ?" सुजनले भन्नुभयो ।

सुजन भाइले सही भन्नुभो । यी दुबै प्रणाली एक जना मात्र उठ्न पाउने निर्वाचन क्षेत्रमा लागु हुन्छ । निर्वाचनमा सबैभन्दा बढी अर्थात् ५० प्रतिशत भन्दा एक मत भने पनि बढी ल्याउने दल वा उम्मेद्वार विजयी हुन्छन् ।"

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका बारे पनि कसैले भन्नोस् त ? सहजकर्ताको जिज्ञासा थियो ।

सरलाले भन्नुभयो-"उठेका उम्मेद्वारहरू मध्ये जसले सदर मतको सबै भन्दा बढी मत पाएको हुन्छ उसलाई विजयी घोषणा गरिन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा लागु हुन्छ ।"

"सरलाले राम्रो भन्नुभयो । यो प्रणालीमा सदर मतको पूर्ण बहुमत नभए पनि **अरूभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार विजयी हुन्छन् ।** साथै मतदाताले राजनीतिक दललाई नभई उम्मेद्वारलाई मत दिन्छन् । नेपालको प्रतिनिधि सभा २ सय ७५ सिटको हुन्छ । त्यसको १ सय ६५ स्थानको र प्रदेश संसदका लागि कुल सदस्यको ६० प्रतिशत स्थानको चुनाव यसै पद्धतिबाट गरिन्छ । साथै स्थानीय तहको निर्वाचन पनि यसै निर्वाचन प्रणालीबाट निर्वाचन गरिन्छ ।"-सहजकर्ताले भन्नुभयो ।

अब हामी दुई चरण प्रणालीका बारेमा छलफल गर्दछौ ।

यस प्रणाली अन्तर्गत चरण चरणमा निर्वाचन हुन्छ । पहिलो चरणको निर्वाचनमा कुल मतको ५० प्रतिशत भन्दा माथि मत पाउने विजयी हुन्छ । सो मत ल्याउन नसकेमा फेरि निर्वाचन गर्नु पर्छ । यसरी दोस्रोपटक निर्वाचन गर्दा, पहिलो निर्वाचनमा मत ल्याउने मध्ये पहिलो र दोस्रो हुने उम्मेद्वार बीच मात्र प्रतिस्पर्धा हुन्छ । ती दुई मध्ये जसले कूल मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्छ उसैले जित्छ । नेपालको राष्ट्रपति निर्वाचन यही निर्वाचन पद्धतिको आधारमा गरिन्छ ।



समानुपातिक प्रतिनिधित्व कसरी गराइन्छ सर ? रिनाले सोधिन् ।

"यस प्रणाली अन्तर्गत सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानिन्छ । संविधानले एकमुष्ट सिट तोकिदिएको हुन्छ । देशको कानुनमा नै महिला, दलित, उत्पीडित लगायतका अन्य समूहहरू समेतको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरिएको हुन्छ । उम्मेद्वारको नाम दलहरूले बन्द सूचीमा निर्वाचन अगावै निर्वाचन आयोगमा पठाउँछन् ।"

"देशभरबाट प्राप्त सदर मतलाई कूल सिटमा भाग गरिन्छ । त्यसबाट प्राप्त प्रतिशतको आधारमा दलले पठाएको **बन्द सूची**मा रहेको प्राथमिकताको क्रम अनुसार निर्वाचित हुन्छन् । प्रतिशत पुगेका दलका उम्मेद्वार विजयी घोषणा गरिन्छ । नेपालको संघीय संसदको २ सय ७५ सिट मध्ये १ सय १० सिटको निर्वाचन समानुपातिक निर्वाचन पद्धति अनुसार गरिन्छ । त्यसैगरी प्रदेश सभाका २२० सीटहरू पनि यस्तै विधि अपनाएर निर्वाचन गरिन्छ । प्रदेशको हकमा भने दलले प्रदेश भरिबाट प्राप्त गरेको कूल मतको आधारमा सीट निर्धारण हुन्छ । "



बन्द सूची भनेको के हो सर ? जुनाले प्रश्न गर्नुभयो ।

“कानुनले व्यवस्था गरे अनुसार राजनीतिक दलले उम्मेद्वारको नाम समावेश गरी आयोग समक्ष पेश गरेको सूची नै बन्द सूची हो ।

दलहरूले आयोग समक्ष पेश गरेको अन्तिम उम्मेद्वारको नाम भएको सूची उपर कसैले थपघट वा परिवर्तन गर्न पाउँदैन । त्यसैले यसलाई बन्द सूची भनिएको हो । उम्मेद्वारको बन्द सूचीमा रहेको नामावली निर्वाचन आयोगले सार्वजनिक गर्नेछ ।”

खुला सूची भनेर कस्तो सूचिलाई भनिन्छ सर ?- विनिताले प्रश्न गर्नुभयो ।

“खुला सूचीमा मतदाताले दल वा समूह दुबैलाई एउटामा प्राथमिकता प्रकट गर्न सक्छन् । दलको तर्फबाट उम्मेद्वारको सूची प्रस्तुत गर्दा नै प्राथमिकता क्रम निर्धारण गरी सूची पेश गरिन्छ ।”

मिश्रित प्रणाली कस्तो प्रणाली हो सर ?-विनोदले प्रश्न गरे ।

“यस प्रणाली अन्तर्गत बहुमत प्रणाली र समानुपातिक प्रणालीका राम्रा राम्रा गुणहरूलाई समेटर प्रतिनिधिको चयन व्यवस्था गरिएको हुन्छ । यदि माथिका दुई प्रणालीलाई छुट्टाछुट्टै आधार मानी प्रतिनिधि चयन हुन्छ भने त्यसलाई मिश्रित प्रणाली भनिन्छ । नेपालको संविधानले मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेको छ । प्रतिनिधि तथा प्रदेश सभाहरू मिश्रित निर्वाचन प्रणाली मार्फत गठन हुन्छ ।”

अन्य प्रणाली भन्नाले कुन कुन प्रणाली पर्छ त सर ?-भावनाले सोध्नुभयो ।

“माथिका निर्वाचन प्रणाली अन्तर्गत नपरेका एकल सङ्क्रमणीय मत, सीमित मत, र प्राथमिकता गणना मत जस्ता निर्वाचन प्रणालीहरू पनि व्यवहारमा आएको पाइन्छ ।

निर्वाचन प्रणालीका आ-आफ्नै किसिमका विशेषताहरू हुन्छन् । माथि उल्लेखित सबै निर्वाचन प्रणालीका फाईदा र बेफाईदा उल्लेख गर्न संभव छैन । हाल नेपालमा प्रचलनमा रहेका देहायका दुई निर्वाचन प्रणालीहरूको फाईदा बेफाईदा संक्षेपमा तल उल्लेख गरिएको छ ।”

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली			
फाईदाहरू		बेफाइदाहरू	
१.	मतदान एवं मतगणना गर्न सजिलो र सरल ।	१.	जनसाङ्ख्यिक बनौट अनुसार कै प्रतिनिधित्व न्यून हुन सक्ने ।
२.	उम्मेद्वार र मतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध रहने ।	२.	बढी मत खेर जाने संभावना ।
३.	बहुमत ल्याएपछि सरकार चलाउन वैधानिकता प्राप्त हुने ।	३.	राजनीतिक दलले पाएको मत अनुसार स्थान नपाउने ।
४.	स्वतन्त्र उम्मेद्वारले पनि निर्वाचनमा भाग लिन पाउने ।	४.	धेरै मत पाएर पनि उम्मेद्वारले पराजय भो ग्नु पर्ने ।
५.	क्षेत्रीय र स्थानीय राजनीतिक दलहरूले पनि शासन सत्तामा सहभागी हुनसक्ने ।	५.	महिला र पिछडिएका वर्गको प्रतिनिधित्वको न्यून संभावना ।
६.	एउटा दलले बहुमत ल्याएपछि स्थिर सरकार बन्नसक्ने ।	६.	खर्चिलो र भड्किलो हुने संभावना ।

समानुपातिक निर्वाचन प्रणाली	
(क) मत कम खेर जाने ।	(क) कोटा बमोजिमको उम्मे द्वारी दिन र पहिचान गर्न कठीन ।
(ख) राज्यको जनसङ्ख्याको बनोट अनुसार महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसङ्ख्यक र जातजातिको प्रतिनिधित्व हुने ।	(ख) मतबाट सिटमा रूपान्तरण गरिने जटील प्रक्रिया ।
(ग) राजनीतिक दललाई बलियो बनाउने ।	(ग) उम्मेद्वार र जनता बीचको प्रत्यक्ष सम्बन्ध नरहने ।
(घ) चुनावमा भाग लिने अधिकांश राजनीतिक दलहरूको प्रतिनिधित्व हुने ।	(घ) उम्मेद्वारको सूचीमा राजनीतिक दलको नियन्त्रण हुने हुँदा जनताको भन्दा दलको छनोट प्राथमिकतामा पर्ने ।

अब म स्थानीय तहको निर्वाचन र निर्वाचन प्रणाली बारेमा केही कुरा राख्न चाहन्छु ।



“स्थानीय तहको निर्वाचनमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा सदस्यको निर्वाचनमा गोप्य मतदानको प्रक्रिया अनुसार एक पद एक मतको आधारमा पहिलो हुनेलाई निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचन हुन्छ ।”

उहाँले थप्नु भयो-“गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना महिला कोटाबाट र अर्को दलित महिला कोटाबाट र बाँकी दुई खुला कोटाबाट समेत एक मतदाताले सदस्य पदमा चार जनालाई मतदान गर्न पाउने छ । यसलाई बहुसदस्यीय निर्वाचन पद्धति भनिन्छ ।”

अन्य निर्वाचन प्रणाली भित्र सीमीत मत प्रणाली पनि प्रचलित छ । यो प्रणाली बहुसदस्यीय निर्वाचन क्षेत्रमा अपनाइन्छ । स्थानीय तहको निर्वाचनमा यसको प्रयोग हुन्छ । यसमा कुल सदर मत मध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार विजय गरिन्छ ।

गाउँ वा नगर सभाले गर्ने समावेशीकरणको महिला र दलित तथा अल्पसंख्यकको निर्वाचन यस प्रणाली अन्तर्गत पर्छ ।

प्राथमिकता मत प्रणाली पनि प्रचलनमा छ । मतदाताले रुची अनुसार उम्मेद्वारलाई प्राथमिकतामा राखी मत दिन्छन् ।

मतदाताले नै मतदानमा प्रत्यक्ष प्रभाव पार्ने हुनाले मतदाता कस्तो हुनपर्छ । उनीहरूको योग्यता के हो ? र कानुनले मतदाताका अधिकार र कर्तव्यहरू कसरी व्यवस्था गरेको छ भन्ने जस्ता कुरा पनि जान्न आवश्यक छ ।"-सहजकर्ताले भन्नुभयो ।

निर्वाचनका आधारभूत तत्वहरूमा मतदाता पनि एक हो । निर्वाचनको मुख्य सरोकारवाला भनेकै मतदाता हुन् । मतदाता र मतदाता नामावली विनाको निर्वाचनको कुरा हुनै सक्दैन । मतदाताले नै निर्वाचनमा प्रत्यक्ष प्रभाव पार्छन् ।

मतदाता भन्नासाथ उनीहरूको शिक्षाको अवस्था कस्तो छ ? मतदाताको संख्या कति छ ? मतदाता शिक्षाको हैसियत कस्तो छ ? राज्यसत्तामा पहूँचको अवस्था कस्तो छ ? कस्तो भोगोलिक अवस्था र वातावरण कस्तो छ भन्ने जस्ता कुराले मतदानमा प्रभाव पर्छ । यिनै कुरालाई दृष्टिगत गरी मतदाताको योग्यता, अधिकार, दायित्व र कर्तव्य समेत किटान गरिएको हुन्छ ।

नेपालमा मतदाता हुनका लागि पुग्ने योग्यता भनेको नागरिकता प्राप्त गर्नु हो । व्यक्ति १६ वर्ष उमेर पुरा भएपछि मात्र मतदाता नामावलीमा नाम दर्ताका लागि योग्य मानिन्छ। मतदाता नामावलीमा नाम दर्ता गरेको व्यक्ति १८ वर्ष पुरा गरेपछि मतदाता बन्न पाउनेछ। मतदाताका लागि कुनै गाउँपालिका वा नगरपालीकामा स्थायी बसोबास गरेको हुनुपर्छ ।

मतदाताको अधिकार तथा कर्तव्य कानुनले तोकेको हुन्छ ।

मतदादा नामावलीमा आफु र आफ्नो परिवारको नामावली दर्ता गर्ने र गराउने ।

राजनीतिक दलको घोषणा पत्रको अध्ययन विश्लेषण र तुलना गरी मत दिने दल वा उम्मेद्वार छनोट गर्ने ।

मतदानमा भाग लिन, उम्मेद्वार हुन, चुन्न र चुनिन पाउने अधिकारको प्रयोग गर्ने ।

निर्वाचन हिंसा विवाद न्यूनीकरण गर्न सुरक्षा निकाय, सञ्चार माध्यम र पर्यवेक्षकलाई सूचना उपलब्ध गराउने ।

दोहोरो नाम दर्ता नगर्ने, फर्जी मतदान नगर्ने, नगराउने ।

स्वतन्त्र, निष्पक्ष एवं विश्वसनीय निर्वाचन सम्पन्न गराउन निर्वाचन व्यवस्थापन निकायलाई सहयोग गर्ने ।"

कार्यक्रमको अन्तमा - "निर्वाचन भनेकै परिणाममूखी व्यवस्था हो । यसले निश्चित परिणाम प्रदान गर्छ । निर्वाचन गर्नुपर्ने आवश्यकताको प्रकृति अनुसार निर्वाचन पद्धतिले स्वच्छ, निष्पक्ष निर्वाचनका लागि सहयोग गर्छ । यसका बारेमा जानकारी राख्नु निर्वाचन शिक्षाको महत्वपूर्ण पक्ष रहन्छ । कार्यक्रम सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद भन्दै सहजकर्ताले कार्यक्रम समापन गर्नुभयो ।

छलफलका लागि प्रश्नहरू

१. निर्वाचन प्रणाली के हो ?

२. निर्वाचनको प्रणाली कसरी निर्धारण हुन्छ ?

३. निर्वाचन प्रणालीका विधि तयार गर्ने आधारहरू कस्ता कस्ता हुन्छन् ?

४. निर्वाचन प्रणाली कस्ता कस्ता हुन्छन् ?

५. बढिमत/बहु मत कस्तो निर्वाचन प्रणाली हो ?

६. समानुपातिक निर्वाचन प्रणाली कस्तो हुन्छ ?

७. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली कस्तो हुन्छ ?

८. दुई चरण प्रणाली कस्तो प्रणाली हो ?

९. समानुपातिक प्रतिनिधित्व कसरी गराइन्छ ?

१०. बन्द सूची भनेको के हो ?

११. खुला सूची भनेर कस्तो सूचिलाई भनिन्छ ?

१२. मिश्रित प्रणाली कस्तो प्रणाली हो ?

१३. अन्य प्रणालीमा कुन कुन प्रणाली पर्छ ?

१४. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका फाइदाहरू र बेफाइदाहरू के के हुन् ?

१५. समानुपातिक निर्वाचन प्रणालीका फाइदाहरू र बेफाइदाहरू के के हुन् ?

सहयोगी

United Nations Educational, Scientific and Cultural Organization

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

Sustainable Development Goals

दिगो विकास लक्ष्यहरु

Kathmandu Office

ESP is supported by

European Union

Empowered lives.
Resilient nations.

यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।